जमैका पहिलो पटक नकआउट चरणमा

मेलबर्न, साउन १७ (एएफपी)- लिजेन्ड फुटबल मार्टाको करियर दुखद रूपमा अन्त्य हुँदा जमैकाले बुधबार ब्राजिललाई गोलरहित बराबरीमा रोक्दै महिला विश्वकपको अन्तिम १६ मा स्थान बनाएको छ।

यो बराबरीसँगै ब्राजिल सन् १९९५ पछि महिला विश्वकपको समूहचरणबाटै बाहिरिन पुग्यो। ब्राजिलका लागि मात्र होइन उसका लिजेन्ड फुटबलर मार्टाका लागि बुधबार दुखद दिन बन्यो। छैटौं पटकको विश्वकप सहभागी ३७ वर्षीया मार्टाले यो नै आफ्ना लागि अन्तिम विश्वकप हुने बताएकी थिइन्। जहाँ बुधबार उनी आँसुसहित आफ्ना करियरको अन्त्यस गर्न बाध्य भइन्। तर, जारी विश्वकपमा एक गोल पनि नबेहोँको जमैकन टोलीका लागि भने यादगार बन्यो र इतिहासमा पहिलो पटक नकआउट चरणमा स्थान बनाउन सफल भयो।

जमैकाकी खेलाडीसँग बलका लागि प्रतिस्पर्धा गर्दै ब्राजिलकी मार्टा (बायाँ)। तस्बिर : एएफपी

आफ्नो देशको फुटबल महासंघसँग विवादबीच विश्वकपमा आएको लोर्ने डोनाल्डसनको अपराजित टोली जमैकाले यो सफलता पाएको हो। समूहमा फ्रान्सबिद्ध दोस्रो स्थानमा रोको जमैकाले सम्भवतः अर्को चरणमा कोलम्बियासँग प्रतिस्पर्धा गर्नेछ। 'यो मेरो जीवनै उत्कृष्ट दिन हो,' प्रशिक्षक डोनाल्डसनले भने, 'जमैकाले अविश्वसनीय सफलता पाएको छ। केटीहरूले आज देशका लागि केही गरेर देशले पनि उनीहरूप्रति गर्व गर्नुपर्छ।'

अस्ट्रेलियामा जारी विश्वकपको आगामी चरणमा पुग्न ब्राजिलका लागि जित आवश्यक थियो। यता, जमैका भने बराबरीमा पनि ऐतिहासिक सफलता प्राप्त गर्न समीकरणमा थियो।

तर, दक्षिण अमेरिकन टोली ब्राजिलले अझ उत्कृष्ट प्रदर्शन गर्न सकेन। करिब २८ हजार दर्शक रहेको खेलमा ब्राजिलले बल पोसेसनमा गोल आक्रमण दुवै आफ्नो नियन्त्रणमा राखेको थियो। ब्राजिलले आठ पटक गोलको आक्रमण बुन्दा जमैकाले एक पटक पनि सफलता पाउन सकेको थिएन। तर पनि ब्राजिलले गोल गर्न सकेन। मार्टाले खेलको सुरुआतमा नै अवसर पाएको खेलमा जमैका कुनै पनि समयमा दबावमा देखिएन। पहिलो खेलमा फ्रान्ससँग गोलरहित बाबजी खेलेको जमैकाले दोस्रो खेलमा पानामामाथि १-० को सफलतासँगै विश्वकपको पहिलो जित प्राप्त गरेको थियो।

> छैटौं पटकको विश्वकपमा सहभागी ३७ वर्षीया ब्राजिली मार्टा बुधबार आँसुसहित आफ्ना करियरको अन्त्य गर्न बाध्य भइन्।

ब्राजिलकी प्रशिक्षक पिया सनधोगेले गोलविहीनको अवस्था तोड्न नै सकिन्न। दोस्रो हाफमा ब्राजिलले गोल गर्ने सुन्दर अवसर पनि गुमाउन पुग्यो। म्यानचेस्टर सिटी र जमैकाकी स्टार स्ट्राइकर खादिजा सअ अट्याकिङ क्षेत्रमा कमै देखिइन्। सन् २०१९ को विश्वकपमा तीनै खेलमा हार बेहोरेको जमैकाले यस पटक भने आफ्नो फुटबल महासंघसँगको तनावका बीच सफलता प्राप्त गऱ्यो। विश्वकपअगाडि जमैकाका खेलाडीले आफ्नो फेडेरेसनले आफ्नूरूलाई सहयोग नगरेको, राम्रो पारिश्रमिक पनि नदिएको र विश्वकपको तयारी खराब गरिरहेको आरोप लगाएका थिए।

उमेरसमूह एसियन रग्बी यस वर्ष पनि

काठमाडौं, साउन १७ (नागरिक)- नेपालमा लगातार दोस्रो वर्ष अमेरसमूहका एसियन रग्बी सेभेन्स प्रतियोगिता हुने भएको छ। एसिया रग्बीको आयोजना तथा नेपाल रग्बी संघको व्यवस्थापनमा एसिया बु-२० महिला तथा पुरुष रग्बी सेभेन्स प्रतियोगिता हुने भएसँगै नेपालमा लगातार दोस्रो वर्ष अमेरसमूहका एसियाली प्रतिस्पर्धा हुन लागेको हो।

गत वर्ष भने नेपालले एसिया बु-१८ महिला तथा पुरुष रग्बी सेभेन्स प्रतियोगिता आयोजना गरेको थियो। पछिल्लो समय विश्व रग्बीको पूर्ण सदस्यता प्राप्त गरेसँगै नेपालले बु-२० को प्रतियोगिता आयोजना गर्न लागेको हो। उक्त प्रतियोगिता आगामी भदौ २ र ३ गते त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुने नेपाल रग्बी संघले जनाएको छ। एसियन बु-२० रग्बी सेभेन्स प्रतियोगितामा भारत, थाइल्याण्ड, मलेसिया, चाइनिज ताइपेई, हङकङ, उज्बेकिस्तान र नेपाल गरी सात राष्ट्रले प्रतिस्पर्धा गर्नेछन्।

यद्यपि, पुरुषतर्फ सात राष्ट्रको चुनौती रहँदा महिलामा भने तीन राष्ट्र आयोजक नेपाल, थाइल्याण्ड र मलेसियाको मात्र सहभागिता रहने नेपाल रग्बी संघले जनाएको छ। प्रतियोगिताका लागि करिब ७२ लाख रूपैयाँ खर्च हुने संघको अनुमान छ। प्रतियोगिताका विजेतालेदुकी प्राप्त गर्नेछ। एसिया रग्बीको सदस्यता प्राप्त गरेका ३५ राष्ट्रका रग्बी संघहरूले यस प्रतियोगिताको प्रत्यक्ष प्रसारण गर्नेछन्। प्रतियोगिताका लागि नेपाली बु-२० महिला तथा पुरुष राष्ट्रिय टोलीको बन्द प्रशिक्षण पोखरामा सञ्चालन भइरहेको छ।

श्रीलंकन प्रशिक्षक सेनेवेजेसिंघिले गत असार ३५ गतेबाट दिइरहेको उक्त प्रशिक्षण निकै प्रभावकारी रहेकाले टोलीले राम्रो नतिजा ल्याउनेमा विश्वस्त रहेको नेपाल रग्बी संघले बताएको छ। हाल महिला र पुरुषतर्फ समान २० खेलाडी पोखरामा हाई पर्फमेन्स प्रशिक्षणमा छन्। उनीहरूमध्ये अन्तिम १५ टोलीले आगामी प्रतियोगितामा प्रतिस्पर्धा गर्नेछ। यसै क्रममा नेपाल रग्बी संघ र गोल्फोबीच एकआपसमा सहयोग गर्ने गरी सम्झौता भएको छ। सम्झौताअनुसार गोल्फोले रग्बी खेलाडीहरूका लागि खेलपोसाक, ट्र्याक सुट र खेलसामग्री उपलब्ध गराउनेछ।

नेपाल रग्बी संघका तर्फबाट महासचिव गोविन्द घिमिरे र गोल्फोको तर्फबाट ब्रान्ड मेनेजर अञ्जिना राईले सम्झौतापत्रमा हस्ताक्षर गरे। यसै गरी संघले भरूपुर इन्टरनेसनल हस्पिटलसँग पनि सम्झौता गरेको छ। संघको तर्फबाट महासचिव घिमिरे र हस्पिटलका तर्फबाट सिइओ रामजीकुमार श्रेष्ठले सम्झौतापत्रमा हस्ताक्षर गरे।

स्कुल टु ओलम्पिकमा अन्तरक्रिया

काठमाडौं, साउन १७ (नागरिक)- नेपाल ओलम्पियन्स संघले बाग्मती प्रदेशमा पहिलो स्कुल टु ओलम्पिक कार्यक्रम आयोजना गरेको छ।

नेपाली ओलम्पियनहरूको छाता संगठन ओलम्पियन संघले कीर्तिपुर नगरीस्थित सशस्त्र प्रहरी बलको एथिएफ स्कुलमा संघले ओलम्पिक अभियान र ओलम्पियनहरूबारे परिचयात्मक कार्यक्रमसहित स्कुल टु ओलम्पिक कार्यक्रम आयोजना गरेको हो। ओलम्पियनले स्कुलमा हत्तुवावेदको रुख रोपेका थिए। वृक्षरोपणमा ओलम्पिकका चार पटक सहभागी कीर्तिमानी वैकुण्ठ मानन्धर, दीपक बिष्ट, राजेन्द्र भण्डारी र प्रमिला रिजाल थिए। राष्ट्रिय फुटबल टोलीका पूर्वकप्तान अनिल गुरुङ पनि वृक्षरोपणमा सहभागी थिए।

त्यसपछि आयोजित अन्तरक्रियामा ओलम्पियनले भन्दै चार सयको संख्यामा रहेका विद्यार्थीसँग अनुभव साट्दै उनीहरूको जिज्ञासामा जवाफ दिए। नेपाल ओलम्पिक संघका महासचिव नीलेन्द्रराज श्रेष्ठले ओलम्पिकको महत्व र ओलम्पिक चार्टर तथा नेपालमा ओलम्पिक अभियानबारे प्रकाश पारे। ओलम्पियन मानन्धरले नेपाली ओलम्पियनहरूले आफ्नै बलबुतामे नेपाल र नेपालीको गौरव उचो राख्ने काम गरेको बताए। एथिएफ स्कुलका धावक अजित यादवलें जुनियर एसियन च्याम्पियनसिप जितेको उदाहरण दिँदै सबैले खेलकुदमा आफ्नो छुट्टै स्थान बनाउन सक्ने भएकाले दत्तचित्त भए लाभ सुझाव दिए।

त्यस्तै छोटो चरण पार गरेर ओलम्पिकमा सहभागिता जनाउने नेपालको पहिलो पुरुष खेलाडी दीपक बिष्टले आफूले निकै हिलो तेब्बान्दो सुरु गरेर पनि सफलता प्राप्त गरेको भन्दै समै ओसवाट खेलकुदमा लागे सफलता छिटो हात लाग्ने बताए। धावक राजेन्द्र भण्डारीले डोपिङ प्रकरणमा परेर सामको र वटा स्वर्ण गुमाएको प्रसंग जीवनको काली दिनको रूपमा लिएको बताए। तर, आफूमाथि लागेको दागलाई मेट्दैवर्ष भने उद्देश्य लिएर अघि बढ्दा नै सागमा अर्को स्वर्ण जित्न सकेको उनले सुनाए। ओलम्पियन प्रमिला रिजालले महिलालाई अन्य क्षेत्रमा जस्तै खेल क्षेत्रमा लाभ पनि सजिलो नरहेको बताइन्। परपरिवार र समाजको कचलाई चिर्दै अघि बढेकाले नै आफू एथिएफ क्लबको एक मात्र ओलम्पियन हुन सकेको उनले सुनाइन्।

कार्यक्रममा फुटबलका पूर्वकप्तान अनिल गण्डले नाम र दामको लागि भन्दा पनि राष्ट्रको लागि केही गर्ने र राष्ट्रिय झन्डा अंकित जर्सी लगाउने लोभमा आफू फुटबलमा लागेको सुनाए। अन्तरक्रियामा विद्यार्थीले खेलाडीहरूलाई नेपालमा खेल र खेलाडीको अवस्था, खेलमा लागेर हुन सक्ने कमाइ, राज्यले लिएको खेलनीति र ओलम्पिकमा सहभागिता जनाउन गर्नपर्ने मिहिनेतबारे जिज्ञासा राखेका थिए।

> अन्तरक्रियामा विद्यार्थीले खेलाडीहरूलाई नेपालमा खेल र खेलाडीको अवस्था, खेलमा लागेर हुन सक्ने कमाइ, राज्यले लिएको खेलनीति र ओलम्पिकमा सहभागिता जनाउन गर्न पर्ने मिहिनेतबारे जिज्ञासा राखेका थिए।

कार्यक्रममा एथिएफ स्कुलका विद्यार्थीले नृत्य र तेब्बान्दोको फाइट प्रस्तुत गरेका थिए।

एथिएफ स्कुलका प्रधानाध्यापक युवराज पराजुली र स्कुल इन्चार्ज डिएसपी लक्ष्मी थपलियालेओलम्पियनलाई मायाको चिनो हस्तान्तरण गरेका थिए। ओलम्पियनको जीवनबाट विद्यार्थीहरूले धेरै ज्ञान सिक्ने मौका पाएको उनीहरूको धारणा थियो। संघले यसअघि सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशका विभिन्न विद्यालयमा स्कुल टु ओलम्पिक कार्यक्रम आयोजना गरिसकेको छ। छिट्टै नै गण्डकी प्रदेशमा पनि यस्तै कार्यक्रम गरिने संघका अध्यक्ष दीपक बिष्टले जानकारी दिए।

उपचाररत खेलाडीहरूलाई चेक हस्तान्तरण

काठमाडौं, साउन १७ (नागरिक)- खेलाडीहरूका लागि आवतजावतमा सहयोग गर्ने उद्देश्यले स्थापित राष्ट्रिय खेलाडी कल्याणकारी कोषले उपचाररत खेलाडीहरूलाई उपचार खर्च प्रदान गरेको छ।

कोषका अध्यक्षसमेत रहेका राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टंकलाल पिसिडेले उपचाररत विभिन्न तीन खेलाडीलाई उपचार खर्च रकमको चेक बुधबार हस्तान्तरण गरेका हुन्। उपचार रकम प्राप्त गर्ने खेलाडीहरूमा टेबल टेनिसकी सेतिशा खड्गी, टेबल टेनिसका चन्दन शाही र एथलेटिक्सकी अञ्जु खड्का छन्। क्यान्सर रोगको उपचारमा रहेकी खड्गीका दाजुलाई दुई लाखको चेक हस्तान्तरण गरिएको हो। उनी भारतमा उपचाररत छिन्।

यस्तै शारीरिक अस्वस्थताका कारण ट्रमा सेन्टर बीर अस्पतालमा उपचाररत चन्दन शाहीलाई एक लाखको चेक हस्तान्तरण गरिएको थियो। यसै गरी कोषले स्कूटर दुर्घटनामा परेकी एथलेटिक्सकी खेलाडी अञ्जुलाई एक लाखको चेक हस्तान्तरण गऱ्यो। अञ्जु केएमसी हस्पिटलमा उपचाररत छिन्।

नेपालको आफ्नो, नेपालमा बनेको ✆ 01-5368555


घनगढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिरहाको

नदीजन्य पदार्थको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०४/१८)

धनगढीमाई नगरपालिका, धनगढी, सिरहाको आफ्नो क्षेत्राअधिकार भित्र रहेका देहायको खोलाहरुको निम्न शर्तहरुको अधिनमा रही ठेक्का बन्दोवस्त गर्न सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी यो संक्षिप्त सूचना सम्बन्धी सबैको जानकारीको लागि प्रकाशन गरिएको छ। विस्तृत शर्तहरु जानकारीको लागि यस कार्यालयको Website: www.dhangadhimaimun.gov.np तथा यस कार्यालयको सूचना पाटीमा राखिएको विस्तृत सूचना हेर्नुहुन अनुरोध छ।

शर्तनामाहरु:

१. सूचना प्रकाशन भएको मितीले ३० दिन कार्यालय समय भित्र यस कार्यालयबाट बोलपत्र पेश गर्न योग्य हुने कागजात पेशगरि यस कार्यालयको राजश्व शाखाबाट बोलपत्र खरिद गर्न सकिनेछ। सूचना प्रकाशन भएको मितीले ३१ औ दिनको विहान १२ बजे भित्र बोलपत्र यस कार्यालयमा दाखिला गर्न सकिनेछ र बोलपत्र दाखिला गर्ने समय सकिएपछि दाखिला भएका बोलपत्रहरु यस कार्यालयमा खोलिने छ।

२. कबोल अंकको रकम तिन किस्तामा (चौमासिक रुपले) बुझाउनुपर्नेछ। पहिलो किस्तामा ३० प्रतिशत रकम सम्झौता अगावै दाखिला गर्नुपर्नेछ। दोस्रो किस्ताको ४० प्रतिशत रकम र तेस्रो किस्ताको ३० प्रतिशत रकम बराबरको मान्यता प्राप्त बैंकबाट जारी भएको १३ महिना म्याद भएको कार्यसम्पादन जमानीपत्र पेश गर्नुपर्नेछ।

३. कबोल अंकको १३ प्रतिशत मू.अ.कर समेत बोलपत्र दाताले पेश गर्नुपर्नेछ।

४. विस्तृत सूचनामा उल्लेख नभएको अन्य कुराहरु प्रचलित नेपाल ऐन नियम अनुसार हुनेछ।

तपशिल

क्र. स.	ठेक्का न.	विवरण	उत्खनन् तथा संकलन क्षेत्र	परिमाण	दर प्रति घनफुट	कुल न्यूनतम अंक (भ्याट बाहेक)	बोलपत्र दस्तुर	धरौटी रकम कबोल अंकको ३ प्रतिशतले हुने रकम भ्याट समेत
१.	आय ठेक्का DH-MUN-15-2080-081	सर्रे खोला को नदीजन्य पदार्थ उत्खन्न तथा संकलन	आई.ई.ई. प्रतिवेदनमा उल्लेखित १ देखि ४ नम्बर सम्मको स्थानमा	१३,७०,४९७ घनफुट	रु.३.५०	४७,९६,४५६।-	३०००।-	
२.	आय ठेक्का DH-MUN -16-2080-081	गागन खोला को नदीजन्य पदार्थ उत्खन्न तथा संकलन	आई.ई.ई. प्रतिवेदनमा उल्लेखित १ देखि ६ नम्बर सम्मको स्थानमा	११,४४,३६८ घनफुट	रु.३.५०	४०,०५,२८८।-	३०००।-	

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
...तपाईको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (कोशी प्रदेश कार्यक्षेत्र भएको)

ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति २०८०।०४।१८

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैकलाई समय समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धि शर्तहरूको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताको गर्दासमेत बेवासरा गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/सान्झेदार/संस्थापक/संचालक लगायत ऋण कर्जासंग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित मितिले ३५ (पैतिस दिनभित्र यस बैंक/सम्बन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ तथा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरू एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/सान्झेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबैपक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरुप बैकलाई दिएको चल/अचल सम्पत्ति उे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि बैंकको सम्पुर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानुन बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरूको घरघरानाबाट असुली गर्ने तर्फ कानुनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सूचित गरिन्छ ।

तपशिल

ऋ.सं.	ऋणी/व्यक्तिगत जमानीतकर्ताको नाम थर तथा तिनपुस्ते विवरण	धितो सुरक्षणको विवरण
१.	ऋणी: नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, सहकारी विभाग, डिभिजन सहकारी कार्यालय, मोरङ मिति २०६८/०४/०८ मा दर्ता नं. ८२० (१०२) ०६८/६९ अन्तर्गत रजिष्ट्रर्ड/दर्ता भएको रजिष्ट्रर्ड ठेगाना मोरङ जिल्ला सोरागाग गा.वि.स. वडा नं. ०३ स्थित **श्री उमा गौरी कृषि सहकारी संस्था लि.** **कर्जा शिर्षक:** व्यापारिक आवाधिक कर्जा/अधिविकर्ष कर्जा	१. शम्भु प्रसाद रौनियारकोको नाममा मोरङ जिल्ला, भुमिसुधार तथा मालपोत कार्यालय विराटनगर, मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला, विराटनगर उ.म.न.पा वडा नं. १३, स्थित कित्ता नं. ३५ को क्षेत्रफल ५२२।०० व.मि. (पाँच सय बाईस व.मि.) भएको घरजग्गा र सो घरजग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । २. शम्भु प्रसाद रौनियारको नाममा, भुमिसुधार तथा मालपोत कार्यालय रङ्गेली, मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला, सोरागाग गा.वि.स वडा नं. ०२, स्थित कित्ता नं. ७२८ को क्षेत्रफल ६९५।१३ व.मि. (छ सय चौरान्बे दशमलव तेह्र) र कित्ता नं. ७३० को क्षेत्रफल ७९५।७७ व.मि. (सात सय पन्चान्बे दशमलव सतहत्तर) भएको जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत ।
	धितो जमानतकर्ता/व्यक्तिगत जमानीकर्ता:	
	व्यक्तिगत जमानीकर्ता **नाम: आलम अन्सारी मियाँ** बाबु: वसिर अन्सारी मियाँ बाजे: जैनुल मियाँ ना.प्र.नं: ०५३०६१-८१ (मोरङ) ठेगाना: मोरङ जिल्ला, सोपागण गा.वि.स वडा नं. ०२ स्थाई ठेगाना भई, हाल मोरङ जिल्ला, धनपालथान गा.पा. वडा नं. ०४ बस्ने । **व्यक्तिगत जमानीकर्ता** **नाम: आमोद मण्डल** बाबु: पर्शुराम प्रसाद मण्डल बाजे: थप्पु मण्डल ना.प्र.नं: ०५३०५/०७ (मोरङ) ठेगाना: मोरङ जिल्ला, सिसवनी जहदा गा.वि.स वडा नं. ०१ स्थाई ठेगाना भई, हाल मोरङ जिल्ला, जहदा गा. पा. वडा नं. ०४ बस्ने । **व्यक्तिगत जमानीकर्ता** **नाम: शम्भु प्रसाद पौनियार** बाबु: धर्ने प्रसाद पौनियार बाजे: गणेश प्रसाद पौनियार ना.प्र.नं: ६/५१८ (मोरङ) ठेगाना: मोरङ जिल्ला, सोरागाग गा.वि.स वडा नं. ३ स्थाई ठेगाना भई, हाल मोरङ जिल्ला, विराटनगर महानपा. वडा नं. १० बस्ने । **व्यक्तिगत जमानीकर्ता** **नाम: अंजला कोईराला** बाबु: ओमनाथ कोईराला बाजे: देव नारायण कोईराला ना.प्र.नं: २६१३९/२८३३९ (सुनसरी) ठेगाना: सुनसरी जिल्ला, ईटहरी नपा वडा नं. ०२ स्थाई ठेगाना भई, हाल मोरङ जिल्ला, विराटनगर महानपा. वडा नं. ०८ बस्ने ।	**व्यक्तिगत जमानीकर्ता** **नाम: शम्भु प्रसाद सिंह** बाबु: सखवा लाल गंगाई बाजे: गगुलाल गनगाई ना.प्र.नं: ०५१०८९/६९० (मोरङ) ठेगाना: मोरङ जिल्ला ढाढनिया गापा वडा नं. ०७ स्थाई ठेगाना भई, हाल मोरङ जिल्ला, विराटनगर महानगरपालिका वडा नं. ३ बस्ने । **व्यक्तिगत जमानीकर्ता** **नाम: दिलमाया राई** बाबु: धन ब. लिम्बु पति: निक्की राई ना.प्र.नं: २३१९२०३८७ (भापा) ठेगाना: भापा जिल्ला, दमक न.पा वडा नं. ०९ स्थाई ठेगाना भई, हाल मोरङ जिल्ला, विराटनगर म.न.पा.वडा नं. ०२ बस्ने । **व्यक्तिगत जमानीकर्ता** **नाम: रोशन राजवंशी** बाबु: नवाय लाल राजवंशी बाजे: रोशन राजवंशी ना.प्र.नं: ९६४०३-१०७८ (मोरङ) ठेगाना: मोरङ जिल्ला, सोपागण गा.वि.स वडा नं. ३ स्थाई ठेगाना भई हाल मोरङ जिल्ला, धनपालथान गा.पा.वडा नं. ०४ बस्ने ।
२.	ऋणी/धितोजमानी कर्ता : नाम: प्रकाश कुमार दाहाल बाबु: लोकनाथ दाहाल बाजे: ईन्द्र कुमार दाहाल ना.प्र.नं: ६/८२९ ठेगाना: मोरङ जिल्ला, दुलारी गा.वि.स वडा नं. ०१ स्थायी ठेगाना भएको । **कर्जा शिर्षक:** व्यक्तिगत आवाधिक कर्जा	प्रकाश कुमार दाहालको नाममा मालपोत कार्यालय विराटनगर मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला हाँसिपुवा गा.वि.स. वडा नं. ०८, स्थित कित्ता नं. १६।७० को क्षेत्रफल ०-१-०-० भएको घरजग्गा र सो घरजग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत ।
	धितो जमानतकर्ता/व्यक्तिगत जमानीकर्ता:	
	नाम: संगिता बाङ्कोटी बाबु: विष्णु प्रसाद बाङ्कोटी बाजे: पशुपति बाङ्कोटी ना.प्र.नं: ११९०४१ (संखुवासभा) ठेगाना: संखुवासभा जिल्ला, बाह्रविसे गा.वि.स नं ०५ स्थायी ठेगाना भएको ।	**नाम: श्री प्रसाद लम्साल (जैसी)** बाबु: लिलानाथ जैसी बाजे: डिल्लीराम लम्साल ना.प्र.नं: ८५४५ ठेगाना: मोरङ जिल्ला, विराटनगर नपा. वडा नं ०१ स्थायी ठेगाना भएको ।

नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जोडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ४२६५१००, फ्याक्स : ४२५२२६२, इमेल : nagarik@nagariknews.com, प्रबन्ध निर्देशक : विनोदराज ज्ञवाली, निर्देशक : शोभा ज्ञवाली, प्रधान सम्पादक : गुणराज लुईटेल